प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ५३ ॥ २०८१ चैत १६ गते शनिबार (29th Mar 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


### राजावादी अराजक बन्दा प्रहरी चुक्यो

# प्रदर्शनमा २ जनाको मृत्यु, ३५ घाइते

झापा(प्रस) । पूर्वराजाका सर्मथकहरूले काठमाडौंको तीनकुने क्षेत्रमा गरेको हिंसात्मक प्रदर्शनका क्रममा २ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् ।

गृह मन्त्रालयद्वारा आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका सहसचिव छवि रिजालले शुक्रबार प्रदर्शनका क्रममा भएको झडपमा घाइते भएका कीर्तिपुरका २९ वर्षीय सविन महर्जनको मृत्यु भएको जानकारी दिए ।

'झडपमा घाइते भएका महर्जनको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो,' सहसचिव रिजालले भने, 'काठमाडौंका विभिन्न स्थानमा भएको प्रदर्शनका क्रममा ३५ जना घाइते भएका छन् ।'

गृह मन्त्रालयका अनुसार प्रदर्शनकारीतर्फ २३, सशस्त्र प्रहरीतर्फ नौ र नेपाल प्रहरीतर्फ तीन जना घाइते भएका छन् ।

आन्दोलनका प्रमुख दुर्गा प्रसाईंलाई कारबाहीको दायरामा ल्याउनुका साथै



शुक्रवारको आन्दोलनबाट भएको क्षतिको जिम्मेवारी आयोजकले लिनुपर्ने उनको भनाइ छ ।

यसैगरी राजावादीहरूको प्रदर्शनका क्रममा तीनकुनेमा आगजनी भएको घरभित्र एक पत्रकारको शव भेटिएको छ ।

एभिन्यूज टेलिभिजनमा कार्यरत भिडियोग्राफर सुरेश रजकको शव भेटिएको टेलिभिजनका डेस्क सम्पादक शिव दाहालले जानकारी दिएका छन् । तीनकुने सभास्थलबाट तितरबितर भएका राजावादी प्रदर्शनकारीले मच्चाएको अराजकता र हिंसाका दृश्य यतिबेला सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भएका छन् ।

प्रदर्शनकारीले आगजनी गरेको एक भवनमा पुगेर भिडियो खिचिरहेका पत्रकारको समेत जलेर ज्यान गयो ।

ठाउँठाउँमा आगजनी र तोडफोड गर्दै हुलदंगा मच्चाउँदै हिँडेका प्रदर्शनकारीको अराजकता नियन्त्रण गर्न प्रहरी र सुरक्षाकर्मी चुकेपछि स्थिति नियन्त्रणबाहिर पुग्यो । जबकि भाटभटेनीबाट कोटेश्वरस्थित प्रहरी वृत्त केही सय मिटरकै दूरीमा मात्रै छ । अनौठो त यो छ कि, तीनकुनेबाट प्रहरीले तितरबितर गरेका प्रदर्शनकारी ससानो झुन्डमा बाँडिएर कोही बागमती करिडोर हुँदै आलोकनगर स्थित नेकपा एकीकृत समाजवादीको पार्टी कार्यालयमा आगो झोस्न पुगे । लगत्तै अर्को समूह भाटभटेनी सुपरमार्केट पुग्यो र ढुंगामुढा र लुटपाटमा लाग्यो ।

सुरुमा भाटभटेनीको संरचनामा आक्रमण र सरसामान फ्याँक्ने काम भए पनि बिस्तारै भीड भाटभटेनीभित्रै छिरेर सामान लुट्नतिर लागेको देखिन्छ । भाटभटेनीका सञ्चालक कल्याण गुरुङले क्षतिको आँकलन भइरहेको बताए । घटनाबारे आन्तरिक अनुसन्धान भइरहेको उनको भनाइ छ ।

गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गृह सचिवलाई सञ्चारकर्मीहरुले सूचनामा कमजोरी भएको हो कि कमान्ड


❖ बाँकी अन्तिम पृष्ठमा


# कर्फ्यू आदेशपछि सडकमा निस्क्यो नेपाली सेना



झापा( प्रस) । सरकारले उपत्यकाको तीनकुने क्षेत्रमा कर्फ्यू आदेश जारी गरेपछि नेपाली सेना सडकमा निस्किएको छ। शुक्रबार राजावादीहरूले तीनकुने क्षेत्रमा उदण्ड मच्चाएपछि सरकारले तीनकुने क्षेत्रमा १० बजेसम्मका लागि कर्फ्यू लगाएको छ। लगत्तै सेना सडकमा देखिएको हो।

# प्रहरी चौकी कोहवराको भवन उद्घाटन




झापा(प्रस) । एक करोड चौबिस लाखभन्दा बढीको लागतमा निर्मित गौरादह- ६ दामुना बजारस्थित प्रहरी चौकी कोहवराको नवनिर्मित भवनको उद्घाटन भएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजन अधिकारीले प्रहरी भवनको उद्घाटन गरेका हुन् । उनले बिगत ३४ वर्षदेखि भाडाको घरमा वस्दै आई आजबाट आफ्नै नवनिर्मित भवनबाट जनताको सेवा गर्न पाउँदा प्रहरी संगठन खुसी भएको बताए ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक मिलन केसीको अध्यक्षतामा भएको कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फुलवती राजबंशीको बिशिष्ट आतिथ्यता रहेको थियो । उक्त अढाइ तले भवन १ करोड २४ लाख ९० हजार ५८० रुपैयाँको लागतमा निर्माण भएको थियो । भवनका लागि स्व. टेकनारायण ताजपुरियाले ३ कट्ठा २ धुर जग्गा निःशुल्क प्रदान गरेका थिए । त्यस अवसरमा जग्गादाता स्व. टेकनारायण ताजपुरियाकी श्रीमती चम्पादेवी ताजपुरियालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्लाका ४ वटै सुरक्षा निकायका प्रमुखहरुलगायत स्थानीय वासिन्दाहरुको उपस्थिति रहेको थियो ।

# आर्थिक कारोवार ओरालो लाग्दा भन्सारलाई मार

• **लक्ष्मी उप्रेती**

मेचीनगर । पूर्वी नाकाबाट हुने व्यापार सुस्ताएको प्रत्यक्ष असर सीमानाकामा रहेका दुईवटा भन्सार कार्यालयले खेप्नु परेको छ । हरेक महिना व्यापार खस्किदैं जाँदा मेची भन्सार कार्यालय काँकरभिट्टा र भद्रपुर भन्सार कार्यालयको राजस्व असुली हरेक महिना ओरालो लाग्दैं गएको हो ।

भद्रपुर भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को आठ महिनामा १३ करोड ३ लाख २९ हजार रुपैयाँ राजस्व संकलन गरेको




छ । कार्यालयले चालु आवको साउनदेखि फागुन मसान्तसम्म उक्त राजस्व संकलन गरेको कार्यालय प्रमुख भन्सार अधिकृत अर्जुन सिटौलाले जानकारी दिए ।

फागुन महिनामा मात्र कार्यालयले २ करोड ४७ लाख ७ हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ । त्यो महिना २ करोड ८३ लाख ६७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको भएपनि लक्ष्यको तुलनामा असुली ८७ दशमलव १ प्रतिशत मात्र हो ।

आर्थिक वर्षको शुरु साउन महिनामा ४९ प्रतिशत, भदौमा ६२ दशमलव ४ प्रतिशत, असोजमा ६८ दशमलव ५ प्रतिशत, कात्तिकमा ४८ दशमलव १ प्रतिशत, मंसिरमा ५९ दशमलव १७ प्रतिशत, पुसमा ५९ दशमलव १५ प्रतिशत माघमा ५० दशमलव शुन्य ४ प्रतिशतमात्र राजस्व असुली भएको मासिक लक्ष्य तथा प्रगति विवरणमा उल्लेख छ । तर, भन्सार अधिकृत सिटौलाले कार्यभार


❖ बाँकी अन्तिम पृष्ठमा


# डेलिभरी हुनै लागेकी श्रीमतीलाई मारेर यसरी गाडे

झापा(प्रस) । डेलिभरी हुनै लागेकी गर्भवती श्रीमतीलाई हत्या गरेर गाड्ने इलाम फाकफोकथुम- ३ सल्लेरीका उमेश गिरीलाई



प्रहरीले पक्राउ गरेको छ । चैत १ गते घरबाट आधा घण्टाको दुरीमा फाकफोकथुम गाउँपालिका २ धार्ने खोप दाहाल गोलाई भन्ने स्थानमा २५ वर्षीय गिरीले १९ वर्षीया श्रीमती विमला कट्टेललाई हत्या गरी गाडेका थिए । तीन दिनपछि विमलाले बच्चा पाउने मिति रहेको थियो । तर , श्रीमानले आमा र गर्भको बच्चा दुवैको हत्या गरेर कसैले थाहा नपाउने गरी गाडिदिए । इलामको देउमाई नगरपालिका जितपुर माइत भएकी विमला चैत १ गतेदेखि बेपत्ता भएकी थिइन् । आफ्नी बुहारी हराएपछि विमलाका ससुरा कृष्णलाल गिरीले प्रहरीमा उजुरी दिएका थिए । वेपत्ता बिमलाको खोजी गर्नेक्रममा प्रहरीले अनुसन्धान गर्दै जाँदा उनी हराएको नभई गायब बनाएको ठहर गरेको थियो । विमला हराएको १५ दिनमा पुरेको अवस्थामा फेला परेकी हुन् । जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मानबहादुर राईका अनुसार शव गाडिएको अवस्थामा शुक्रवार फेला परेको हो । फाकफोकथुम गाउँपालिका २ धार्ने खोप दाहाल गोलाई भन्ने स्थानमा महिलाको शव फेला परेको जनाइएको छ । प्रहरीले शव उत्खनन् गरी पोस्टमार्टमका लागि धरान पठाएको छ । विमलाका श्रीमान् उमेशले आफूले मारेर गाडेको बयान दिएको प्रहरीले जनाएको छ । उनलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । उमेश जेसीबी चालक हुन् । विमला र उमेशबीच राम्रो सम्बन्ध रहेको थिएन । इलाममै काम गर्दा पनि उमेश घर बाहिर नै बस्ने गरेका थिए ।


## आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान

**भद्रपुर , झापा**

**प्रकाशित मिति-२०८१/ १२/१५**

## दोस्रो साधारण सभा तथा २०८२ सालको महान सिरुवा पावनी कार्यक्रमबारे सूचना

यस आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान भद्रपुरको कार्यसमितिको मिति २०८१/१२/०९ गते बसेको बैठकबाट पारित भएको निर्णय अनुसार संस्थाको सदस्यता नवीकरण , दोस्रो बार्षिक साधारण सभा तथा आदिवासी राजवंशी भाषी अन्तर्गत मनाइने महान सिरुवा पावनी २०८२ को उपलक्ष्यमा संस्थाको तेस्रो सिरुवा पावनी कार्यक्रम यहि मिति २०८२/०१/०३ गते हुने भएकोले यस संस्थाका संस्थापक पदाधिकारी एवं सदस्य , आजीवन सदस्य , साधारण सदस्य , सल्लाहकार सदस्य एवं आदिवासी राजवंशी भाषी अन्तर्गत पर्ने समुदाय, वर्ग , शुभचिन्तक , भद्रभलाद्मी , बुद्धिजीवी तथा सर्वसाधारण सम्पूर्णमा उपस्थित भईदिनको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने स्थान : प्रतिष्ठानको प्राङ्गण**
**ठेगाना : भद्रपुर -०६, भातियाबारी**
**समय : विहान ९ बजेदेखि**

यस संस्थाका सम्पूर्ण साधारण सदस्यता नवीकरण गर्न बाँकी रहेका सदस्यहरुले मिति २०८१/१२/२५ गतेभित्र सदस्यता नवीकरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौ ।

*(नोट यसअधि मिति २०८१ चैत १३ गते प्रकाशित सूचनामा दोस्रो बार्षिक साधारण सभा तथा आदिवासी राजवंशी भाषी अन्तर्गत मनाइने महान सिरुवा पावनी गल्तीवश आगामी बैशाख २ गते हुने भनिएकोमा त्यसलाई सच्याएर पुनः प्रकाशित गरिएको छ । )*



**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# ‘राजावादीले अराजकता मच्चाउन खोजे’



झापा(प्रस) । प्रमुख राजनीतिक दलहरूले राजावादी पार्टी र समूहले जानीबुझिकन अराजकता मच्चाएको बताएका छन् ।

राजावादी पार्टीका रूपमा राप्रपा, राप्रपा नेपाल र दुर्गा प्रसाईंसहितले नियतवश अराजकता मच्चाएको भन्दै उनीहरूले कानूनी कठघरामा ल्याउनुपर्ने बताएका छन् । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मण्डलेहरूले तीनकुनेमा अराजकताको सीमा नाघेको भनेर टिप्पणी गरेका छन् ।

‘गणतन्त्रवादी मोर्चाको हैसियतले समाजवादी मोर्चाको तर्फबाट सभा गर्ने घोषणा थियो । अर्कोतिर राजावादीले पनि आजै कार्यक्रम राखे । कुकुरको पुच्छर १२ वर्ष ढुंग्रोमा हाले पनि बाङ्गाको बाङ्गैजस्तो भयो,’ राजावादीले गरेको तोडफोडप्रति प्रचण्डले भने, ‘मण्डले अराजकताको पराकाष्ठा तीनकुनेमा देखियो । घरमा आगो लगाउने, पुलिसमाथि आक्रमण गर्ने, मान्छे मरुन् भन्नेसम्मको अराजकता फैलाउन लागे ।’

पूर्वराजा ज्ञानेन्द्रकै इसारामा अराजकता मच्चाउन खोजेको भन्दै प्रचण्डले यस्तै गरिरहे निर्मलनिवासबाट पनि भगाउने चेतावनी दिएका छन् ।

‘जनता र राजनीतिक दललाई कमजोर ठानेर इतिहासमा फर्कने दुस्साहस नगरियोस्,’ प्रचण्डले समाजवादी मोर्चाको कार्यक्रमबाटै चेतावनी दिँदै भने, ‘विगतमा उनले धेरै गल्ती गरेका छन् । त्यस्ता गल्तीको परिणाम पूर्वराजाले भोगिरहेकै छन् । अब अर्को गल्ती गरे भने उनले भोग्न बाँकी केही रहँदैन । खबरदार भन्न चाहन्छु ।’

राजावादीले प्रदर्शनका क्रममा शुक्रबार काठमाडौंको कोटेश्वर आपसमा अराजकता मच्चाएको भन्दै सत्तारुढ एमालेले आपत्ति जनाएको छ । राजसंस्था पुनःस्थापनाका लागि भन्दै काठमाडौंको तीनकुनेमा शान्तिपूर्ण प्रदर्शन गर्ने भने पनि सार्वजनिक सम्पत्ति तोडफोड गर्ने, आगजनी गर्नेजस्ता अराजकता मच्चाएको भन्दै एमालेले आपत्ति जनाएको हो ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानबुझिकन राजावादीले अराजकता मच्चाएकाले जिम्मेवारलाई कानूनी कठघरामा ल्याउनुपर्ने बताए ।

‘राजावादीको आजको कदम निन्दा र भर्त्सनायोग्य छ । आपराधिक घटना उनीहरूले जानीबुझीकन घटाएका हुन् । यो अराजकता र मुठभेड निम्त्याउने नियत हो । शान्तिपूर्ण विरोध गर्छौं भनेर आक्रमण गर्ने, सुरक्षाकर्मीको हतियार खोस्ने, निजी घर, पार्टी कार्यालय, व्यावसायिक संरनाजस्ता ठाउँमा आगजनी र तोडफोड गर्ने घटनाले उनीहरूको नियत छर्लंग भएको छ,’ ज्ञवालीले भने, ‘यो राजनीति उद्देश्यले गरिएको होइन । मुलुकलाई अराजकतातिर लान खोज्ने प्रयत्न हो । सरकारले जिम्मेवार व्यक्तिलाई कानूनी कठघरामा ल्याउनुपर्छ ।’

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अराजक बने पूर्वराजालाई तह लगाउने खालको अभिव्यक्ति दिए ।

‘यो कास्टिङमात्रै हो । यो मुलुकमा वंश र परिवारको शासनमा फर्किंदैन । जनताले कसैको दासत्व स्वीकार्दैनन्,’ नेपालले भने, ‘जनतालाई चुसेको, बर्बाद पारेको सम्झिँदा पनि राजतन्त्र फर्किने कल्पना गर्न सकिँदैन । यो देशमा वंशको शासन गर्ने कुचेष्टा कसैले नगर्दा हुन्छ । ढलेको राजतन्त्र आउन सम्भव छैन । अराजकतावादको हल्ला सुनेका छौं । कोही मच्चिनुपर्दैन, देशलाई अगाडि लाने हो ।’नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले गणतन्त्रविरुद्ध कुनाबाट फ्याउफ्याउ नगर्न पूर्वराजा ज्ञानेन्द्रलाई चेतावनी दिए । ‘नेपाली जनता गणतन्त्रप्रति गौरव गर्छन् । गणतन्त्रविरुद्ध राजतन्त्र फर्काउने कुरा गरेका छन् । हामीलाई प्रभु र महासामन्तको खाँचो छैन,’ विप्लवले भने, ‘जनतालाई नटेर्ने सामन्ती प्रवृत्तिको खाँचो छैन । धेरै त्याग र दुःखबाट यहाँसम्म आएका हौं । २४० वर्षको राजतन्त्रले के गऱ्यो ? नयाँ पुस्ताले बुझ्नुपर्छ ।’

बोल्न र सामान्य अधिकारसमेत नपाउने स्थितिबाट आजसम्म आएको भन्दै उनले कुनाबाट गणतन्त्रविरुद्ध षड्यन्त्र नगर्न चेतावनी दिए । ‘बोल्न पाइँदैन थियो । जनताले आँ गर्न सक्दैन थिए । जनजाति, दलित, थारू, मधेशीलाई नागरिक नै मानिँदैनथ्यो । तर, लडेर ल्याएको गणतन्त्रविरुद्ध बोल्न गाह्रो हुने, कुर्सीमा पनि अरूले राख्नुपर्ने नवराज सुवेदीले नेपालको राजनीतिक समस्या समाधान गर्ने रे ?,’ विप्लवले भने, ‘ जनताको विद्रोहबाट पछारिएकाले कुनाबाट फ्याउफ्याउ गर्ने ? यो प्रहसन मात्रै हो ।’ विदेशीको षड्यन्त्रमा गणतन्त्रविरुद्ध गतिविधि भएको उनको भनाइ थियो ।

नवराज सुवेदी संयोजक रहेको आन्दोलन परिचालन समितिले दुर्गा प्रसाईंलाई शुक्रबार हुने विरोध प्रदर्शनको कमान्डर बनाएका थियो । प्रसाईंले शुक्रबारमात्रै पूर्वराजासँग भेटेर फर्किएका थिए । उनै प्रसाईंको नेतृत्वमा तीनकुने पुगेको जुलुसले निषेधित क्षेत्र तोड्ने क्रममा आगजनी र लुटपाट भएको हो । तीनकुनेमा सभाको तयारी हुँदै गर्दा प्रसाईंले आफैं गाडी चलाउँदै निषेधित क्षेत्र तोड्ने गरी भीडमा गाडी कुदाएका थिए । भीडलाई उत्तेजित बनाएपछि प्रसाईं, राप्रपाका उपाध्यक्ष रवीन्द्र मिश्रसहितका नेताहरू भागेका थिए ।

राजावादी समूहले तीनकुनेस्थित व्यापारिक मल, होटल, रेस्टुरेन्ट, मिडियाका कार्यालय, नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालय, कोटेश्वरस्थित भाटभटेनी लगायतमा तोडफोड, आगजनी र लुटपाट गरेका हुन् । सडकमा भेटिएका सार्वजनिक सवारीमा आगजनी गर्ने, पब्लिकका घरमा तोडफोड गर्ने र लुटपाट गर्ने घटनामा राजावादी समूह उत्रिएका हुन् । उनीहरूले जडिबुटीस्थित औषधि कारखाना, एयरपोर्टको बाहिरी सुरक्षा घेरामा पनि आगो लगाउने प्रयास गरेका छन् ।

यसपछि सरकारले साँझ १० बजेसम्म कोटेश्वर तीनकुने आपसमा कर्फ्यु लगाएको छ । राजावादी अराजक समूहले नेकपा एमालेको च्यासलस्थित कार्यालय, माओवादीको पेरिसडाँडास्थित कार्यालयलाई पनि निशाना बनाएपछि सुरक्षा तैनाथी बढाउँदै सेनासमेत खटाइएको छ । राजावादी अराजक बनेपछि गृहमन्त्री रमेश लेखकले पूर्वराजा र प्रसाईं मुख्य दोषी रहेको बताएका छन् ।

गृहमन्त्री लेखकले प्रदर्शन गर्न निर्देशन दिने पूर्वराजा शाह र अराजकता मच्चाउने विवादास्पद मेडिकल व्यवसायी प्रसाईं नै आजको अराजकताको मुख्य दोषी रहेको बताएका हुन् ।

‘शान्तिपूर्ण भनेको प्रदर्शन यही हो ? अराजक भीड देखाएर व्यक्तिको सम्पत्ति तोडफोड गर्न र जलाउन पाइँदैन,’ गृहमन्त्रीले लेखकले भने, ‘जसले प्रदर्शन गर्न निर्देशन दियो, उनीहरू नै दोषी हुन्, कारबाहीको दायरामा ल्याइन्छ ।’

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले अराजकता मच्चाउने राजावादीको हर्कत एकै दिन देखिएको बताए । ‘राजावादीको शुक्रबारको हर्कतबाट उनीहरू उद्देश्यविहीन जमात हुन् भन्ने देखियो । खास लक्ष्य देखिएन । अराजकता सिर्जना गर्ने काम उनीहरूले प्रदर्शनको शुरूकै दिनमा देखाउनुले अराजक भीड हो भन्ने प्रस्ट भएको छ,’ महतले भने, ‘सरकारले सरकारले शान्ति सुरक्षा स्थापनाका लागि आफ्नो संरचनालाई सशक्त बनाउनुपर्छ । आमजनताको जनधनलाई क्षति गर्ने प्रवृत्ति देखियो । यसको सम्पूर्ण जिम्मेवारी आन्दोलन सञ्चालन गर्नेले लिनुपर्छ ।’अहिलेको परिवर्तन ल्याउने शक्तिले लामो आन्दोलन गर्दा पनि संयमता देखाएको भन्दै महतले राजावादीको प्रदर्शन अराजकताबाहेक केही नभएको बताए ।

‘हिजो हामीले लामो आन्दोलन गऱ्यौं । शान्तिपूर्ण गऱ्यौं । तोडफोड गर्ने काम कहीँ पनि भएन । अहिले जे मन लाग्यो, त्यो भएको छ । कानूनबाहिर गएर गलत प्रवृत्ति देखाएका छन्,’ महतले भने, ‘हामीले गणेशमान सिंहलाई जनआन्दोलनको कमान्डर बनायौं । तर, आज दुर्गा प्रसाईंजस्ता आफैं गाडी चलाएर भीडलाई अराजक बनाउने जनकमान्डर बनाइएका छन् । यही घटनाले यिनमा जनताको भरोसा छैन भन्ने प्रस्ट्याउँछ ।’

# पत्रकार महासंघको स्थापना दिवसमा स्वास्थ्य शिविर

झापा(प्रस) । ७० औं स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासंघ झापा शाखाले स्वास्थ्य शिविर सम्पन्न गरेको छ । स्थापना दिवसको अवसरमा बिर्तामोड ८ स्थित गरामनी स्वास्थ्य चौकीमा नसर्ने रोगहरुको परीक्षण (स्क्रिनिङ) तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम गरिएको हो । कार्यक्रममा स्वास्थ्य शाखा झापाका प्रमुख रमेश बाह्रकोटीले अस्वस्थकर खानपानका कारण पछिल्लो समय मानिसमा नसर्ने रोगको संक्रमण बढ्दो क्रममा रहेको बताए । उनले उच्च रक्तचाप, मधुमेह , स्वासप्रश्वास र क्यान्सर जस्ता रोगको संक्रमण बढ्दै गएको बताए । उनले हरेक चार जनामा एक जनालाई यसखाले समस्या देखा परेको बताए ।



महिलामा पाठेघर तथा स्तन क्यान्सर र पुरुषमा फोक्सोमा बढी समस्या देखिने गरेको प्रमुख बाह्रकोटीले बताए । यस्ता रोग बढ्नुमा अस्वस्थकर खानपान, अधिक अल्कोहल सेवन, शारीरिक व्यायाम नगर्नु र जनचेतनाको कमी भएको उनको भनाई छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल अधिकारीले नगर अस्पतालले प्रदान गर्दै आएको स्वास्थ्य सेवाको विषयमा जानकारी गराएका थिए ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना तथा स्वास्थ्य कार्यालय र बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाको सहकार्यमा स्वास्थ्य शिविर आयोजना गरिएको थियो ।

शिविरमा बीएमआई (बडी मास इन्डेक्स), रक्तचाप, मधुमेह (सुगर), मिर्गौला, पाठेघरको मुखको जाँचलगायत सेवा प्रदान गरिएको थियो । शिविर उद्घाटन सत्रमा महासंघकी उपाध्यक्ष तथा कार्यक्रम संयोजक विनिषा गौतमले स्वागत गरेकी थिइन् भने महासंघका उपाध्यक्ष सुव्रत न्यौपानेले धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रमको संचालन महासंघ झापा शाखाका सचिव प्रदीप परियारले गरेका थिए ।

महासंघको स्थापना दिवसको अवसरमा शनिवार साँझ महासंघको कार्यालयमा दीप प्रज्वलन गरिने कार्यक्रम रहेको बताइएको छ ।

## राजावादी ...

कन्ट्रोलमै कमजोरी भनेर सोधेका थिए । गृहका सहसचिव रिजालले स्थिति यो हदसम्म जान्छ भन्ने अनुमान आफूहरुले नगरेको बताएका थिए । गृह मन्त्रालयले हिंसात्मक गतिविधि र लुटपाटमा संग्लनमाथि कारबाही गर्ने जनाए पनि यो घटनामा सुरक्षा कमाण्ड किन फितलो भयो भन्ने प्रश्न उठेको छ ।

कोटेश्वरस्थित भाटभटेनीमा कार्यरत एक कर्मचारीले ढुंगामुढा र आक्रमण भएको ४० मिनेटपछि मात्रै सुरक्षाकर्मी आइपुगेको बताए । ती कर्मचारीले भने, ’भुइँतलामा रहेको स्टोरबाट घडी, मोबाइल, मदिरा लगायतका महँगा सामान लुटपाट गर्न ६० देखि ७० जना छिरे । धेरैबेरसम्म प्रहरी नआएपछि बाहिर रहेको फुड स्टलबाट तरकारी र फलफूल लाने र त्यसैले आक्रमण गर्ने काम भयो ।’

आक्रमण र लुटपाटको सबै विवरण सामाजिक सञ्जाल फेसबुक, टिकटकबाट लाइभ भइरहँदा प्रहरीले सूचना नपाउने भन्ने अवस्था पनि थिएन । तर समयमै प्रहरी पुग्न नसकेकाले निर्बाध लुटपाट र तोडफोड चलिरह्यो । ती कर्मचारीले सुनाए, ’प्रहरी नआएपछि त सडकमा हिँड्नेहरु पनि आएर सामान लुट्न थाले । हामीले केही गर्न सकेनौं ।’

सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा स्टोरभित्रै छिरेर सामान लुटपाट गरेर फर्केकालाई सुरक्षाा गार्डहरूले रोक्न नसकेको र सुरक्षा अभावको फाइदा उठाउँदै एकपछि अर्को हुल छिरिरहेको देखिन्थ्यो ।

राजावादी प्रदर्शनकारीकै एक हुल भने तीनकुनेको एक घरमा आगजनी गरेपछि बागमती खोला किनार आलोकनगरमा रहेको एकीकृत समाजवादीको पार्टी कार्यालय सोझियो ।सुरुमा १५/२० जनाको हुलले कार्यालयभित्र रहेका कुर्सी र कागजपत्र बाहिर ल्याएर जलाए । त्यसलगत्तै पुगेका प्रहरीले तिनीहरुलाई एकैछिन तितरबितर पारेर फर्किए। प्रहरी फर्केको केहीबेरमै प्रदर्शनकारीले कार्यालयभित्रै आगो झोसे । एकैछिनमा दनदनी आगो सल्किहाल्यो । नजिकै रहेका प्रहरीले केही गर्न सकेनन् ।

शुक्रवारको आगजनी र लुटपाटको घटनामा देखिने एउटै समानता भनेको प्रदर्शनकारीले छानीछानी घर र संरचनामा आक्रमण गर्नु हो । प्रदर्शनकारी कता जाँदै छन् र के गर्न खोजिरहेका छन् भन्ने अधिकांश दृश्य सामाजिक सञ्जालबाट लाइभ भइरहेको थियो । कतिसम्म भने सामाजिक सञ्जालबाटै निर्देशन दिने र उत्तेजक अभिव्यक्ति दिँदै भड्काउने काम पनि सँगसँगै भइरहेको थियो । तर यतिका धेरै सूचना हुँदा पनि प्रहरीले भीड र स्थिति नियन्त्रणमा लिन चुक्यो ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका अनुसार शुक्रवार काठमाडौंमा समाजवादी मोर्चा र राजावादीका दुई ठूला कार्यक्रम थिए । त्यसलाई सुरक्षा दिन र शान्ति कायम गर्न सुरुमा ३५ सय प्रहरी खटाउने कुरा थियो । पछि थप गरेर ४ हजार हाराहारी पुऱ्याइयो । शुत्रलवारको दुवै कार्यक्रमका लागि २ हजार सशस्त्र प्रहरी खटिएका थिए ।सशस्त्र स्रोतका अनुसार तीमध्ये झन्डै ७ सय सशस्त्र तीनकुने आसपास खटिएका थिए । तीनकुने क्षेत्रमै आन्दोलन सीमित गर्ने र भीडलाई संसद् भवनतिर आउन नदिन भनेर झन्डै डेढ सय प्रहरी खटाइएको थियो । प्रहरी स्रोतका अनुसार मोर्चामा आबद्ध माओवादी, एकीकृत समाजवादी, नेपाल कम्युनिस्ट पार्टी, नेपाल समाजवादी पार्टीको कार्यक्रम राजावादीले बिथोल्न सक्ने अनुमान गरेर धेरै सुरक्षाकर्मी खटाइएको थियो । जबकि स्थिति भने तीनकुने क्षेत्रमा नियन्त्रणबाहिर भने भयो । स्थितिको आँकलन गर्न प्रहरी यहीँनेर चुक्यो । प्रहरीका केही अधिकारीले भीड यति उत्तेजक हुन्छ भन्ने आँकलन नै नगरेको सुनाए । शान्तिपूर्ण विरोध कार्यक्रम गर्ने भनेर राजावादीले भने पनि उनीहरु हिंसा भड्काउने तरिकाले प्रस्तुत भएको उनीहरुको भनाइ छ । एक प्रहरी अधिकारीले भने, ’दुर्गा प्रसाईंले जब भीडमाथि गाडी गुडाउने प्रयास गर्दै भीडलाई उत्तेजित पार्न खोजे, त्यसपछि स्थिति बिग्रियो ।’

एकैचोटि तीनकुने क्षेत्रका कार्यालयमा आक्रमण सुरु भएकाले प्रहरी सबैतिर ससानो समूहमा बाँडिनुपर्ने अवस्था आएको ती अधिकारीले बताए । राजावादीहरुले तीनकुने क्षेत्रमा रहेका कान्तिपुर टीभीको कार्यालय, एक बिजनेस कम्प्लेक्ससहित व्यक्ति बसेका आधा दर्जनजति घर, नजिकै रहेको अन्नपूर्ण पोस्टको कार्यालय, एकीकृत समाजवादीको कार्यालयतिर आगजनी सुरु गरेका थिए । ती प्रहरी अधिकारी भन्छन्, ’त्यही बेला प्रहरीले चेन अफ कमान्ड लुज गऱ्यो ।’

पूर्वडीआईजी केशव अधिकारी शुक्रवारको घटनाले ५ फागुन २०७९ मा नयाँ बसपार्कस्थित ल्होत्से मलमा साँझ भएको लुटपाटको घटना र २०८० पुस १३ मा बालकुमारीमा भएको घटनालाई सम्झाइदिएको बताउँछन् । उनले भने, ’प्रहरीका फिल्ड कमान्डरहरुले विगतका घटनाबाट पाठ नसिकेको देखियो ।’ उनले छिनछिनमा विकास भइरहेका सूचनामा फिल्ड कमान्डरको पहुँच स्थापित हुन नसकेको बताए ।

उनले भने , ’प्रदर्शनकारीको रणनीति बुझ्न पनि प्रहरीले नसकेजस्तो देखिन्थ्यो ।’

पूर्वडीआईजी हेमन्त मल्लले दुर्गा प्रसाईंले विगतमा दिएका हिंसात्मक अभिव्यक्ति र उनको उत्तेजक शैलीलाई प्रहरीले नजरअन्दाज गरेको बताए । उनले एकै दिन दुई ठाउँमा भएका आमसभामा सहरका धेरै चोकबाट छरिएर आन्दोलनकारी प्रवेश गरेको र सोहीअनुसार प्रहरी धेरैतिर छरिँदा पनि तीनकुनेमा धेरै घटना भएको विश्लेषण सुनाए । उनले भने, ’प्रहरीले सुरक्षा रणनीति बनाउँदा र छिनछिनमा बदलिरहने घटनाअनुसार मुभ हुन नसकेजस्तो देखियो ।’

## आर्थिक...

सम्हालेलगत्तै सवैभन्दा बढी फागुन महिनामा राजस्व असुली भएको अभिलेखमा उल्लेख छ । यस क्षेत्रका उद्योगी, व्यवसायीले यसलाई सकारात्मक लिएको बताएका छन् ।

चालु आर्थिक वर्ष २०८१/८२ शुरु भएयता कुनै पनि महिना कार्यालयले लक्ष्य भेट्टाउन सकेका छैनन् । भद्रपुरले मात्र होइन, पूर्वी सीमानाकामा रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाले समेत यो अवधिमा सन्तोषजनक राजस्व असुल गर्न नसकेको जनाएको छ । कोशी प्रदेशकै दोस्रो ठूलो भन्सारको रुपमा रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाले चालु आर्थिक वर्षको ८ महिनामा १० अर्ब १७ करोड ७२ हजार रुपैयाँमात्र राजस्व संकलन गरेको छ । कार्यालयका अनुसार ८ महिनाको अवधिमा वार्षिक लक्ष्यको ९१ दशमलव ६४ प्रतिशतमात्र राजस्व असुली भएको हो ।

भारतको पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको विराटनगरपछिको पूर्वकै ठूलो भन्सार विन्दु मेची भन्सार र भारतको बिहार राज्यको गलगलिया, ठाकुरगञ्ज, किसनगञ्ज नाकासँग सीमा जोडिएको भद्रपुर भन्सार कार्यालय भएर हुने आर्थिक कारोवारमा कमि आएका कारण लक्ष्यको तुलनामा राजस्व असुली गर्न नसकिएको सरकारी अधिकारीहरुको भनाई छ । व्यापार घटेलगत्तै यसको असर यी दुई भन्सार कार्यालयको राजस्व संकलनमा परेको हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टा पश्चिम बंगालको पानीट्याँकीस्थित रानीगञ्ज नाकासँग सीमा जोडिएको छ । यो नाका भएर भारत, भुटान बंगलादेशसँग व्यापार हुने गरेको छ । कोशी प्रदेशमा सबैभन्दा धेरै वैदेशिक व्यापार विराटनगर भन्सारपछि मेची भन्सार कार्यालय काँकरभिट्टाबाट हुने सरकारी अधिकारीहरुको भनाई छ । भद्रपुर- गलगलिया सीमा नाका जोड्ने मेची नदीमा पक्की पुल सञ्चालनमा आएलगत्तै सरकारले २०७५ भदौ १ गते छोटीबाट स्तरोन्नति गर्दै भद्रपुर भन्सार कार्यालयलाई मूल भन्सार बनाएको थियो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाको वार्षिक लक्ष्य पुरा गर्न यसले तत्कालीन भद्रपुर छोटी भन्सारले निकै टेवा पुऱ्याएको थियो । यो मुल भन्सारमा स्थापना भएपछि मेची भन्सार कार्यालय काँकरभिट्टालाई वार्षिक लक्ष्य पुऱ्याउन गाह्रो परेको छ । भारतको बिहार राज्यको गलगलिया, ठाकुरगञ्ज, किसनगञ्ज नाका भएर भद्रपुर हुँदै प्रमुख रुपमा सुर्ती खैनी अत्यधिकरुपमा आयात हुने गरेको छ । यसपछि कपडा, जुत्ता चप्पल आयात वापतको राजस्व असुलीले पनि कार्यालयमा उल्लेखनीय रुपमा राजस्व संकलन हुने गरेको छ । यी सँगै चिया उद्योगको प्याकिङ्गका सामग्री तथा मेशिनरी पार्टस्, प्लाइउड, उद्योगको पाटपूर्जाको केमिकल, तथा फलफूल र खेतीपातीमा प्रयोग हुने विषादी अत्यधिकरुपमा आयात हुने गरेको छ ।

पछिल्लो समय यो नाका भएर हुने व्यापार निकै सुस्ताएको छ भने थुप्रै व्यवसायीहरु पलायन भएका कारण पनि यो अवस्था आएको भन्सार अधिकृत सिटौलाले बताए ।

सीमापारी छोटी भन्सारमात्र हुनु, मुल भन्सारमा स्तरोन्नति भए पनि पूर्वाधारको समस्या ज्यूँ का त्यूँ हुनु, पर्याप्त जनशक्ति नहुनु , मेचीपारी पनि नेपाली गाउँ हुनुलगायत थुप्रै समस्या छन् ।


# नागरिक वडापत्रको उपयोग गरौं ।

**नागरिक वडापत्रमाः**

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीलेः**

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अराजकताको अन्त्य गरौं

**हमीले कस्तो समाज निर्माण गरिरहेका छौं ? सामाजिक सञ्जालले पुष्टि गरिरहेका छन्। समाजमा देखिएका विकृतिहरू, दुःख पीडाहरू हटाउनेभन्दा तिनलाई प्रोत्साहन गर्ने, मलजल गर्ने काम भइरहेको छ। कतिपय व्यक्तिको त सामाजिक सञ्जालमा ट्रोल नै बनाइन्छ।**

**स्वाभाविक रूपमा समाजमा बसेपछि मान्छेका सामान्य गल्ती, कमजोरीहरू हुन सक्छन्। ती सामान्य गल्ती, कमजोरी गर्ने मान्छेहरूलाई समेत सामाजिक सञ्जालले सुधार्नेतर्फ भन्दा हतोत्साहित गरेर बदनामी गराउने मात्र होइन जिन्दगीभर पीडा खपेर बाँच्नुपर्ने अवस्था सिर्जना गराई दिन्छन्। जसले गर्दा समाजमा केही गरौं भन्ने भावना भएका मान्छेहरूसमेत अगाडि बढ्न चाहँदैनन्। यो वर्तमान समाजको यथार्थ हो।**

**समाजमा देखिएका गल्ती कमजोरीहरू सत्य र तथ्यले होइन विचार र आस्थाको आधारसमेत मूल्यांकन गरिन्छन्। विचार मिल्नेका ठूलै गल्ती, कमजोरी सामान्य देखिन्छन् भने फरक विचार हुनेका सामान्य गल्ती, कमजोरीलाई ठूलै अपराधको रूपमा हेरिन्छ। यो अवस्था वर्तमान राजनीतिको नकारात्मक परिणाम हो। मिलेर बसेको समाजलाई विचार होस्, जात होस् वा कुनै क्षेत्रीयताको विषय होस् तिनहरूबीच भएका हुने गरेका सामान्य विषय प्रसंगहरूलाई नकारात्मक बनाएर आमजनताबीच उत्तेजना बनाउने काम गरिन्छ यो सामाजिक सञ्जालको दुरुपयोग हो। यसले समाजलाई अगाडि होइन पछाडि धकेलिरहेको छ यसमा समाज गम्भीर हुन जरुरी छ।दलका नेताहरू जनताको, राष्ट्रको भावना होइन पार्टी तथा कार्यकर्ताको चाहनाअनुसार चले।**

**जनप्रिय काम गरेर जनताको बीच लोकप्रिय हुनेभन्दा काम गर्न खोज्नेलाई विभिन्न आरोप, प्रत्यारोप गरेर हतोत्साह गर्ने, विपक्षीहरूलाई टुटाउन, फुटाउने बदनामी गरेर सिध्याउने खेल खेल्न थाले। सामाजिक सञ्जालको चरम दुरुपयोग गर्दै मानवीय संवेदना बाहिर गरेर विरोधीहरूको बारे विभिन्न पोस्ट गर्ने, सेयर गर्ने कमेन्टहरू त पढ्नै नसक्ने हुन थाले। विचार फरक हुनासाथ जस्तोसुकै कामको पनि विरोध गर्नैपर्छ भन्ने मानसिकता कार्यकर्ताहरूमा तयार भएको देखिन्छ। यो एकदमै आत्मघाती खेल हो जुनसुकै बेला जहाँ जसलाई पनि प्रहार हुन सक्छ भन्ने कुरा नेता कार्यकर्ताहरूले बुझ्नै सकेका छैनन्।**

**जसरी दौडको खेल मैदानमा जित्न कि आफैं अगाडि दौडन सक्नुपर्‍यो कि त आफूभन्दा अगाडि दौडी रहेकोलाई अल्झाएर लडाउनु पर्‍यो। अनि, बल्ल आफूले जित्न सकिन्छ। यही अल्झाएर लडाउने र जित्ने खेल नेपाली राजनीतिमा अहिले भइरहेको छ। यसलाई  अन्त्य गरौ ।**



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# खाँचो निर्मम समीक्षा अनि संकल्प



• बिपुल पोखेल

लोकतन्त्र गतिशील राजनीतिक प्रणाली हो । यो गतिशीलताले उत्पन्न समस्या समाधान गर्दै अगाडि बढ्ने सामर्थ्य राख्छ । त्यसैले लोकतन्त्रको विकल्प अझ सुदृढ लोकतन्त्र हो भन्ने गरिन्छ । यो मान्यतामा संसारभरका राजनीतिकशास्त्रीका बिचमा एक मत पाइन्छ । अहिले नेपाली राजनीतिक परिदृश्य हेर्दा जुन तरलता महसुस हुन्छ, यसको सही व्यवस्थापन र निकास पनि लोकतान्त्रिक विधिबाट मात्र सम्भव छ । यो विधिभन्दा बाहिर गएर निकास खोज्न थालियो भने मुलुक अझै नराम्रोसँग समस्यामा फस्ने निश्चित छ । त्यस कारण यतिबेला लोकतान्त्रिक मूल्यहरूमाथि चर्चा, त्यसका विशेषताको विश्लेषण ती चर्चा र विश्लेषणको आधारमा टेकेर अगाडि बढ्ने विषयमा प्रतिबद्ध हुनुको विकल्प छैन । यसतर्फ अझै पनि आवश्यकता अनुसारको गाम्भीर्यता देखिएको छैन ।

पृथ्वी उत्पन्न भएपछि यहाँ मानिसको उत्पत्ति भयो र उनीहरूको विकासक्रमको यात्रा सुरु भयो । मानव विकासको यात्राको हजारौं वर्षपछिबाट उनीहरूको विकाससँगै व्यवस्थापनको विषय पनि सँगसँगै जोडिएर आउन थाल्यो । परिवारका मानिस पहिचान हुन थाले । परिवारमा बस्ने सभ्यता खोजी हुन थाल्यो । परिवारसँगै साना साना समाज निर्माण हुन थाले । सहकार्यको संस्कृति बस्न थाल्यो । साना साना समाजबिचको सम्बन्ध निर्माण हुनु थाल्यो । उनीहरूका बिचको सम्बन्धलाई कसिलो बनाउने क्रममा केही आचारसंहिता बने । एवंरीतले समाज सञ्चालनका वा भनौं व्यवस्थापनका नियम बन्न थाले । निर्मित नियम कार्यान्वयनका शैली पनि बन्दै गए । यो ढङ्गले समाज अहिलेको अवस्थासम्म आइपुगेको छ । यो लामो अनुभवपछि नै लोकतान्त्रिक संस्कृति निर्माण हुँदै आएको हो । त्यो संस्कृतिलाई अझ उन्नत बनाउने अभिभारा नयाँ पुस्तालाई दिँदै एउटा पुस्ताले त्यसको अभ्यास गर्दै आउँदा आज हामी यहाँसम्म आइपुगेका छौं । यो शृङ्खलाको निरन्तरता सुनिश्चित गर्ने भनेकै यसको गतिशील र उदार चरित्रले हो । लोकतन्त्रको गतिशीलताले सधैं सापेक्षित बहसको अपेक्षा गरिरहेको हुन्छ । बहसबाटै थप परिस्कृत बन्न सकिन्छ भन्ने बलियो विश्वास लोकतन्त्रले बोकेको हुन्छ । दुःखद पक्ष हाम्रो समाजमा लोकतन्त्रका पक्षमा जति बहस हुनुपर्ने हो, त्यति हुन सकिरहेको छैन । संसद्देखि जनस्तरका जमघट, अझ भनौं चियाचमेना पसलमा यस्तो बहस हुनु पर्छ भन्ने मान्यता राखिन्छ । अहिलेको इन्टरनेटको पहुँच सहज बनेको बेलामा त्यो बहस त इन्टरनेटमा आधारित प्लेटफर्ममा अझ घनीभूत रूपमा हुन सक्नुपर्ने हो । हामी दुःखका साथ भन्न पर्ने अवस्थामा छौं कि लोकतन्त्रमाथिको बहस, लोकतान्त्रिक अभ्यासको निर्र्मम समीक्षा र त्यस आधारमा सुधारको बाटोमा हिँड्ने सङ्कल्पलाई निकै कमजोर बनाउँदै जाँदै छौं ।

लोकतन्त्रले अपेक्षा गर्ने यसखालको अन्तर्क्रियात्मक संस्कृति कमजोर हुँदा राज्य सञ्चालक जवाफदेही बन्न सक्दैनन् । राज्य सञ्चालक जवाफदेही नहुँदा शासक र जनताबिचको सम्बन्धमा समस्या आउँछ, आशंका, अविश्वास जाग्छ । 'शङ्काले लङ्का जलाउँछ' भन्ने भनाइ त्यसै भाष्य बनेको पक्कै हैन, राज्य सञ्चालकलाई शंका गर्ने अवस्थामा पुगेका नागरिक विरोध अझ भनौ विद्रोहमा जान्छन् । यो विषयमा सबै प्रस्ट हुन जरुरी छ । यहाँ पुग्दासम्म पनि त्यसको समाधानको खोजी भनेको लोकतन्त्रीय विधिबाट मात्रै हो । हामीले हाम्रो नेपालले अभ्यास गरेको एउटा सन्दर्भ हेरौं, यहाँ २०४ वर्षको राजसंस्था ढल्यो । ढल्नका लागि वातावरण ०८ सालदेखि बन्दै आयो । त्यसक्रममा थुप्रैको साहदत पनि भयो । राजाको बहिर्गमन लोकतान्त्रिक विधिबाटै भयो, बिना रक्तपात राजा बिदाइ हुने अवस्थाको निर्माण गर्ने ताकत पनि लोकतन्त्रले राख्छ भन्ने कुरालाई हामी आफैंले प्रमाणित गरिदिएका छौं । त्यस कारण लोकतन्त्रमा अन्तरनिहित त्यो बलवान् ताकत हाम्रो समुन्नतिका लागि कसरी सदुपयोग गर्न सकिन्छ भन्ने तर्फ सोच्नु आजको आवश्यकता हो ।

संसद्को बहस लोकतन्त्रले अपेक्षा गरेको जस्तो बन्न सकेको छैन । गाली, कुण्ठा, प्रतिशोध, धाकधम्की, मभन्दा त चोर भन्ने भावको प्रकट स्वर, सङ्क्रीर्णता, अस्वीकार्यता, कित्ताकाटका आवाज मात्र सुनिन्छन् संसद्मा । लोकतन्त्रिक सभ्यताले यस्ता तुच्छ बहसलाई बेवास्ता गर्दै समुन्नत बहसको अपेक्षा गरिरहेको हुन्छ । हामी लोकतन्त्रको उच्चतम बहस र उच्चतम अभ्यासलाई प्रेरित मात्र हैन, निर्देश गन सक्ने थलोलाई त्यसरी हावामा कटि-पतङ्कका रूपमा छाडिदिएका छौं । त्यहाँको उपस्थिति र बहसका विषयले यस्तै भन्छ । संसद् नै त्यस्तो बनाइदा समाज (सामाजिक सञ्जालसमेत) कस्तो होला ? तसर्थ समाजलाई दोष दिएर मात्र हुँदैन । सरकारलगायतका राज्य संरचना जवाफदेही बन्न छाड्दै छन् । नागरिक भावना निर्णयको आधार हुनु पर्छ । त्यो कुरा राज्य सञ्चालकको मनोविज्ञानमा हरेक क्षण जीवित रहिरहनुपर्ने हो । सरकारले एउटा कर्मचारी हटाउँदा वा राख्दासमेत प्रश्न गर्ने अवस्थामा नागरिक किन पुगे त ? त्यसको हेक्का सरोकारवालामा हुनु पर्छ । ती प्रश्नको यथोचित जवाफ दिने दक्षता राख्न सक्नु पर्छ । आफ्नो कामको प्राथमिता निर्धारण नगरेरै हिँड्दा ठेस लाग्ने मात्र होइन, गम्भीर मुद्दा ओझेलमा पर्छन् । बाटो बिराएको भनेको यिनै कुराहरूको आधारमा हो । सरकार सञ्चालनको तौरतरिकामा व्यापक हेरफेर हुन पनि आवश्यक देखियो । अलमलमा पर्दा स्वार्थसमूह हाबी हुन्छन् भन्ने हेक्का पनि हरक्षण राख्न आवश्यक पर्छ सरकार सञ्चालकले ।

लोकतन्त्र त माथि भनेको झैं गतिशील राजनीतिक व्यवस्था हो, यसको अभ्यासको लाभ नागरिकले दिनानुदिन प्रत्यक्ष रूपमा अनुभूति गर्ने गरी आइरहनुपर्ने हो निरन्तर । असल अभ्यासको अभावमा त्यो असम्भव हुन्छ । त्यसैले राजनीतिशास्त्रीले यसलाई कला र विज्ञानको समुच्य मानेका छन् । विज्ञानले तत्काल परिणाम दिन्छ, कलाले विज्ञानलाई परिणाम दिन सक्ने बनाउँछ । हाम्रो लोकतन्त्रको अभ्यासमा कलापक्ष कमजोर देखिँदै आएको छ । यो विषयमा पनि निर्मम समीक्षा अनी सुधारको सङ्कल्प अहिलको आवश्यकता हो ।

लोकतन्त्रको सुदृढ अभ्यास नै हाम्रो लक्ष्य हुनु पर्छ । लोकतन्त्रमा शासकीय स्वरूप कस्तो हुने भन्ने बहस सामान्य कुरा हो । राजतन्त्र कि लोकतन्त्र भन्ने बहसको अर्थ हुँदैन । स्वरूप जस्तो भए पनि लोकतन्त्रको अभ्यास कस्तो छ भन्ने कुरा मह□वपूर्ण हो । नेपालको लोकतान्त्रिक आन्दोलनले सधैं राजालाई अबसर दिँदै आएको हो । २००७ को जनक्रान्तिले राजालाई अस्तित्वमा ल्याएकै हो, ०१७ को 'कु' पछि पनि राजासहितको प्रजातन्त्रकै माग हो, ०३६ सालमा पनि राजासहितको सुधारिएको व्यवस्थाको पक्षमा मत मागिएकै हो, ०४६ को आन्दोलनको सफलताले पनि राजालाई स्थान दिएकै हो । त्यति मात्र पनि होइन, २०६२/६३ को आन्दोलनपछि पनि विभिन्न स्वरूपका राजसंस्थाका बारेमा बहस भएकै हो । तत्कालीन सशस्त्र विद्रोही माओवादी र राजाका बिचमा सहमति भएर अगाडि बढ्ने भन्ने छलफल चल्दै गर्दा राजाले अस्वीकार गरी निरङ्कुश बनेकाले परिस्थिति बिग्रेकै हो । जनता र जनताका आन्दोलनले राजालाई लोकतन्त्रको छाताभित्र बसेर सहकार्य गरौं भनेकै हो । त्यत्रो अवसरलाई पनि छाडेर निरङ्कुश बन्छु भनेपछि त्यस्तो निरङ्कुशतालाई लोकतन्त्रले स्वीकार गर्न सक्दैनथ्यो, अनि राजसंस्था सकियो । अब त्यो बहसको विषय नै रहेन । त्यो विषयलाई इतिहासको अध्ययनको विषयमा सीमित राखिदिएर लोकतन्त्र धेरै अगाडि बढिसकेको छ ।

फेरि अहिलेको संविधान भनेको सहमतिको दस्ताबेज हो । युद्धमा परेको देशलाई मौलिक प्रयासद्वारा शान्तिपूर्ण यात्रामा हिँडाउन बनाइएको संविधान हो-२०७२ को संविधान । यो संविधानको प्रतिकूलको कुरा गर्दा, संविधानलाई कमजोर बनाउँदा एउटा मूल शक्ति फेरि पनि हिंसामा जान्छ, त्यतिबेला अहिले राजा चाहियो भन्नेहरू विलुप्त हुन्छन् र गाउँघर हिंसाले आक्रान्त हुन्छ । यस्तो बाटोमा हिँड्ने कुरा उचित पनि होइन, सम्भव पनि छैन । यति मात्र भनेर अहिलेको तरल राजनीतिक अवस्थाले निश्चित आकार लिएर स्थिर बन्छ भन्ने पनि छैन । त्यसका लागि शासकीय सुधार, लोकतन्त्रको असल अभ्यासको मार्ग प्रशस्त हुन आवश्यक छ । यो मार्ग पहिचान गर्ने सर्तमा राजनीतिक शक्तिले आफूभित्र निर्मम समीक्षासमेत गर्न सक्नु पर्छ, राजनीतिक कार्यभार हस्तान्तरणको तहसम्म पुग्ने गरी लोकतन्त्रलाई सघाउन प्रतिबद्ध हुन सक्नु पर्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा त, नेपाली कांग्रेस, जसले आफूलाई लोकतन्त्रको बलियो र एक मात्र पक्षधर शक्ति ठान्छ, उसले लोकतन्त्र बलियो बनाउने अभियानको अग्रसरता लिन आवश्यक छ । नागरिकमा निराशा देखिएको छ, त्यसलाई आशामा रूपान्तरणको अभियान र लोकतन्त्रमाथिको चर्चा र बहस अनि समीक्षा सँगसँगै अगाडि बढाउनु नै अहिलेको निकास हुन्छ । त्यस कार्यमा विलम्ब हुनगयो भने प्रतिक्रियावादी त्यही निराशाको आगोमा घिउ थप्न सक्रिय हुन्छन् । दन्किरहेको आगोले राम्रो नराम्रो नभनेको झैं लोकतन्त्र र नागरिक अधिकार पनि भन्दैन । त्यतिबेला हात लाग्ने भनेको भद्रगोल हो, अराजकता हो । तसर्थ लोकतन्त्रको मार्ग पछ्याउन सक्ने जनमत निर्माणका लागि पनि यतिबेला चर्चा परिचर्चा जरुरी हुन्छ । यसको सुरुवात संसद्बाटै हुनु पर्छ । संसद्लाई असंसदीय बहसबाट जोगाउन, लोकतान्त्रिक सभ्यतायुक्त बनाउनतर्फ सरोकारवाला गम्भीर बनुन् ।

# नसर्ने रोगका कारक मदिरा



• अर्जुन पौडेल

मदिरा र मदिराजन्य पेय पदार्थमा इथानोल नामक रसायन हुन्छ, जसमा निर्भरता बढाउने गुणहरू हुनुका साथै त्यो एक साइकोएक्टिभ र विषाक्त पदार्थ हो । शताब्दीयौंदेखि धेरै समाज तथा संस्कृतिमा रक्सीको प्रयोग गर्रिंदैआएको छ तर यसको अत्यन्त न्यून प्रयोगले पनि भयानक स्वास्थ्य जोखिम र हानि निम्त्याउँछ । नसर्ने रोगको मुख्य चार कारक तत्वमध्ये मदिराको सेवन एक मुख्य कारकको रूपमा रहेको छ । अमेरिकाको प्रतिष्ठित संस्था सेन्टर फर डिजिज कन्ट्रोल (सिडिसी) का अनुसार रक्सीको सेवनले क्यान्सर, उच्च रक्तचाप तथा मुटुरोगहरू, पक्षघात, कलेजोको रोग, पेट रोग, डिप्रेसन तथा मानसिक रोग निम्त्याउनुका साथै दुर्घटनाबाट हुने चोटपटक एवं मृत्यु, सामाजिक तथा पारिवारिक सम्बन्धमा खटपट जस्ता समस्या सिर्जना गर्ने जनाएको छ ।

एडिक्सन नामक वैज्ञानिक जर्नलमा प्रकाशित लेख अनुसार रक्सी सेवन एक्लैको कारणले नसर्ने रोगबाट विश्वमा हुने कुल मृत्युको चार प्रतिशत हिस्सा ओगट्ने जनाएको छ भने बिएमसी पब्लिक हेल्थ नामक जर्नलमा सन् २०१५ मा प्रकाशित लेखले रक्सी सेवन नगर्नेको दाँजोमा सेवन गर्नेमा नसर्ने रोग लाग्ने सम्भावना कम्तीमा दुई गुणा बढी हुने देखाएको छ । विश्वभर गरिएको अनुसन्धान 'बर्डेन अफ डिजिज' को प्रतिवेदन २०१९ का अनुसार पछिल्ला केही दशकमा नेपालमा नसर्ने रोगबाट हुने मृत्युदर भयावह तवरले बढेको देखिन्छ । सन् १९९० मा नेपालमा नसर्ने रोगका कारण हुने मृत्युदर ३१.३ प्रतिशत रहेकोमा सन् २००० मा उक्त दर बढेर ४३.२ प्रतिशत पुगेको थियो भने सन् २०१० मा ५९.१ प्रतिशत हुँदै सन् २०१९ मा आइपुग्दा ७१.१ प्रतिशत मृत्युको कारण नसर्ने रोग हुन गएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा करिब ४० करोड पन्ध्र वर्षमाथिका वयस्कले रक्सी सेवन गर्छन् । जसमध्ये लगभग २१ करोड (विश्वका चार प्रतिशत वयस्क जनसंख्या) वयस्क मानिस रक्सीको कुलतमा फसेका छन् । नेपालमा सन् २०१९ मा गरिएको स्टेप सर्भे अनुसार २४ प्रतिशत मानिसले रक्सी सेवन गर्दथे जसमा सबैभन्दा बढी न्यून आय भएका (३० प्रतिशत) ले सेवन गरेका थिए । अझ उक्त सर्भेको मननयोग्य पक्ष त के छ भने रक्सी सेवन कर्तामध्ये करिब ५१ प्रतिशतले घर पालुवा रक्सी सेवन गर्दथे जबकि बियर, वाइन, भोड्का खाने २३ प्रतिशत मात्र थिए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१३ मा गरेको स्टेप्स सर्भे अनुसार २८ प्रतिशत पुरुष तथा ७.१ प्रतिशत महिलाले रक्सी सेवन गर्ने गरेकोमा सन् २०१९ मा आइपुग्दा उक्त दर बढेर ३४.४ प्रतिशत पुरुष र ८.८ प्रतिशत महिलाले रक्सी सेवन गरेको पाइयो । अझ सन् २०२२ मा गरिएको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार मदिरा सेवनकर्ताको दरमा फराकिलो बढोत्तरी हुँदै ४२ प्रतिशत पुरुष र ११ प्रतिशत महिलाले रक्सी सेवन गर्ने गरेको तथ्य रहेको छ । उक्त तथ्यलाई केलाउँदा गत नौ वर्षको अन्तरालमा रक्सी सेवन गर्ने पुरुषको दरमा ५० प्रतिशत र महिलाको दरमा ५४.९ प्रतिशतले बढेको डरलाग्दो तथ्य सार्वजनिक भएको छ । यी अध्ययनहरूले प्रस्टसँग नेपालमा मदिराजन्य पदार्थ सेवन गर्नेको दर दिनानुदिन बढ्दै गरेको प्रस्ट पार्छ, जसलाई पुष्टि गर्ने गरी ग्लोबल इस्टाटस रिपोर्ट अन अल्कोहल एन्ड हेल्थ २०१८ को प्रतिवेदन अनुसार नेपालमा सन् १९९० देखि २०१६ को बिचमा मदिरा सेवनको कारणले हुने मृत्युदर ३७.५ प्रतिशतले बढेको देखाएको छ ।


प्राप्त तथ्याङ्क अनुसार नेपालमा अझै पनि जम्मा एक चौथाइले मात्र बजारमा पाइने मदिरा तथा मदिराजन्य पदार्थ सेवन गरेको देखिन्छ । नेपालका तीन चौथाइभन्दा बढी रक्सी सेवनकर्ताले कर कारोबारमा प्रत्यक्ष समावेश नहुने घरायसी रक्सी सेवन गरेको तथ्य रहेको छ । अर्कोतर्फ मदिरा तथा मदिराजन्य पदार्थ नेपालमा उत्पादन भई अन्य देशमा ठुलो मात्रामा निकासी नभएको अवस्थामा समेत पनि विगत वर्षमा मदिराजन्य वस्तु उत्पादन एवं वितरण गर्ने कम्पनीले नेपाल सरकारलाई सबैभन्दा बढी कर तिरेर पुरस्कृत भएको तथ्य छ । यसले नेपालमा रक्सी र रक्सीजन्य पदार्थको प्रयोग निकै भयावह अवस्थामा रहेको तथ्य उजागर गर्छ । जबकि नेपालका छिमेकी देशहरू भारत, बङ्गलादेश, पाकिस्तान, माल्दिभ्समा प्रमुख करदातामा मदिरा कम्पनी परेको देखिँदैन । अझ रोचक विषय के पनि छ भने नसर्ने रोगको प्रमुख कारक तत्व मानिने चुरोट उत्पादन गर्ने नेपालका चुरोट कम्पनीहरू पनि विगतदेखि नै प्रमुख करदाताभित्रै पर्छन् ।

नेपालमा मदिराको उत्पादन, वितरणलाई नियमन एवं नियन्त्रण गर्न मदिरा ऐन, २०३१, तथा नियमावली, २०३३, मदिराजन्य पदार्थको प्रवर्धन एवं विज्ञापनमा रोक लगाउन जनस्वास्थ्य ऐन, २०७५ तथा राष्ट्रिय प्रसारण ऐन, २०४९, उपभोक्ता संरक्षण ऐन, २०७५, मदिरा बिक्री तथा वितरण नियामक निर्देशिका, २०६५, सेफर इनिसियटिभलगायतका नीतिगत, कानुनी तथा कार्यक्रमगत प्रयास भएका छन् । तथापि तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मदिरा तथा मदिराजन्य उत्पादन, प्रवर्धन, विज्ञापन, वितरण, व्यापार तथा प्रयोगमा सहजता रहेकाले धेरै मानिस यसको कुलतमा परी आर्थिक, शारीरिक, मानसिक तथा सामाजिक समस्यामा परेको कारुणिक अवस्था जगजाहेर छ ।

नेपालमा धेरै पहिले विसं २०३१ मा आएको मदिरा ऐन हालको अवस्थामा समयसापेक्ष नरहेको तथा अहिलेको समयमा मदिरा सेवनको रोकथाम, नियमन, विज्ञापन तथा प्रवर्धनमा प्रतिबन्ध गर्नसमेत पर्याप्त नभएको अवस्थालाई ध्यानमा राखी संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही वर्षदेखि मदिराजन्य पदार्थ रोकथाम तथा नियमनसम्बन्धी ऐन ल्याउन प्रयास गरे तापनि सम्भव भइनसकेको अवस्था रहेको छ । तथापि देशका केही स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्दै आफ्नो क्षेत्रभित्र मदिराजन्य पदार्थ रोकथाम र नियमनमा कानुनी प्रबन्ध तथा व्यवहारगत अभ्यासमार्फत अनुकरणीय कार्य गर्दै आइरहेका छन् । सामाजिक संघ संस्था, आमनागरिक समाज, जनस्वास्थ्य एवं उपभोक्ता हितमा काम गर्ने अधिकारकर्मीहरू, पत्रकार तथा सञ्चारकर्मीहरूले आआफ्नो क्षेत्रबाट मदिराजन्य पदार्थको खुलमखुला व्यापार, सहज पहुँच, तथा खुला सेवनमा आवश्यक रोकथाम र नियमन गरी आमनागरिकको स्वास्थ्य प्रवर्धन गर्ने सार्वजनिक खबरदारीलाई सशक्त बनाउनुपर्ने आवश्यकता रहेको छ । मदिराजन्य पदार्थलाई नियन्त्रण, नियमन गरी हाल रहेको उच्च दरको मदिराजन्य पदार्थको सेवनको दरलाई घटाउनका लागि तिनै तहका सरकारले नीतिगत तथा कानुनी प्रबन्ध गर्ने, कर वृद्धि र बजार नियमन गरी सहज पहुँचमा निरुत्साहन गर्ने, समुदाय सहभागितामा आधारित सामाजिक परिचालनमार्फत स्वास्थ्य साक्षरता बढाउँदै सामाजिक व्यवहार तथा जीवनशैलीमा परिवर्तन गरी हालको प्रयोगको दरलाई नियन्त्रण गर्न सकिन्छ । साथै हाल रहेका मदिराजन्य पदार्थ सेवनकर्तालाई समेत वैज्ञानिक स्वास्थ्य परामर्श तथा भरपर्दो उपचारको सेवामार्फत सहयोग गरी कुलतबाट छुटकारा गराउन सम्बद्ध सरोकारवालाले भूमिका खेल्न सक्छन् ।

अहिलेको एक्काइसौं शताब्दीको युगमा विकासको केन्द्रमा मानव हुनु पर्छ, मानव हितबिनाको विकासको फाइदा कसलाई हुने हो ? तसर्थ नेपालमा हाल भुसको आगो जसरी फैलिरहेको नसर्ने रोगको प्रमुख कारक तत्वका रूपमा रहेका मदिरा तथा सुर्तीजन्य पदार्थबाट उठ्ने करले देशको सामाजिक, आर्थिक तथा भौतिक प्रगति गरी देशलाई समृद्ध गर्ने सोचलाई बदल्ने समय आएको छ । तिनै तहका सरकारले बिस्तारै उद्योग, पर्यटन, सूचना प्रविधि, व्यापार तथा रोजगारका अन्य उपायहरूको विकास एवं विस्तारमार्फत करको दायरा बढाउँदै वर्तमान समयमा मानव मृत्युको प्रमुख कारक बनेको नसर्ने रोगका प्रमुख जोखिम तत्वलाई नियन्त्रण, नियमन, प्रतिबन्ध तथा उच्च कर वृद्धि गरी सही तवरले रोकथाम र नियन्त्रण गर्ने अभियानको नेतृत्व लिन ढिला गर्नु हुँदैन ।

# अग्रगमनको अनुहार किन यति स्वार्थी र भ्रष्ट?



युवराज घिमिरे

विविध राजनीतिक मागका साथ मुलुकमा सडक आन्दोलन फैलिँदै गर्दा राजनीतिक व्यवस्था र वर्तमान संविधानका अंग पतनका क्रमले तीव्रता पाउँदो छ। सत्ताको मुखिया अर्थात् प्रधानमन्त्री संसदको अपमानमा व्यस्त छन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई एउटा भ्रष्ट र राज्यदोहन गर्न पल्केको मन्त्रीसँग मिलेर अवकाशको चार महिनाअघि नै पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले बर्खास्त गरेपछि प्रतिनिधिसभामा उत्पन्न विरोधको सामना गर्न या घिसिङ बर्खास्तगीमा पैसा र अन्य बदनियतको खेल छैन भनी आफूलाई प्रस्तुत गर्नुको साटो सदनलाई पीठ फर्काउनुलाई नै ओलीले आफ्नो राजकीय धर्म रहेको सन्देश दिएका छन्।

सत्ता गठबन्धनभित्रकै कांग्रेसका केही प्रखर नेताले घिसिङ बर्खास्तगीको विरोध गरिसकेका छन् भने वैकल्पिक नेतृत्वका दावेदारका रुपमा यदाकदा देखापरेका महामन्त्री विश्वप्रकाशले प्रधानमन्त्रीसमक्ष यो प्रसंग उठाएर प्रतिपक्षले ठीक नगरेको अभिव्यक्ति दिएका छन्। यद्यपि प्रधानमन्त्री ओली चैत १८ गते संसद्मा कुलमानका विषयमा उठेका प्रश्नको जवाफ दिन ढिला गरी भए पनि तयार बनेका छन्।

तर, सदनप्रति प्रधानमन्त्री जवाफदेही हुनुपर्दैन या हुनुहुँदैन भन्ने गैरजिम्मेवार अभिव्यक्ति कांग्रेसमा यो तहमा हुनुले नेपाली कांग्रेस पूर्ण रुपमा प्रजातन्त्रविरोधी संगठन बनेको बुझ्नुपर्छ।

पार्टी नेता शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहाल प्रचण्डसँग कोठे सहमतिबाट सशस्त्र विद्रोहमा माओवादी नेतृत्वलाई विश्वास गरेर 'समाज रुपान्तरण' का नाममा ज्यान अर्पण गर्ने युवाको न्यायको हत्या कि, विद्रोहताका माओवादीको टाउकाको मूल्य तोकेबापत अनि आफ्नो कार्यकारी नेतृत्वमा भएको मानवअधिकार उल्लंघनसँगै प्रचण्डलाई पनि पूर्ण उन्मुक्ति दिलाउन तल्लीन छन् । उनीहरू आफ्नो स्वार्थअनुरुपको कठपुतली सत्यनिरुपण तथा मेलमिलाप आयोग बनाउने धुनमा छन्। हिजो प्रचण्ड-बाबुराम भट्टराईले वाइसिएललाई दुरुपयोग गरेजस्तै फरक आवाज दबाउन ओलीले युवा संघ गुहारेर प्रधानमन्त्री पदमा रहने सबै नैतिक र संवैधानिक हैसियत गुमाएका छन्। घिसिङ प्रसंगपछाडिको भ्रष्टाचार र नियतमा संसद् छल्न खोज्ने प्रधानमन्त्री र प्रत्यक्ष स्वार्थ गाँसिएका दुई व्यक्तिको सहमतिबाट संक्रमणकालीन न्याय सुनिश्चित हुन सक्दैन। यो राष्ट्रिय सहमतिबाट निक्र्यौल हुनुपर्छ र जनआन्दोलनपछिको व्यवस्थाले यसको जिम्मा लिनुपर्छ। राज्यका संयन्त्रको कानुनसम्मत तरिकाबाट प्रयोग हुनुपर्छ, शान्ति-सुरक्षा कायम गर्ने भन्ने मान्यता ओलीले त्यागेका छन्। घिसिङ प्रसंग अहिले सवोच्चमा छ तर ओलीको गर्धन अब कांग्रेसका दीपक खड्कासँग जोडिएको छ। घिसिङ सन्दर्भ वास्तवमा राजनीतिक प्रयोजनका लागि ओलीले जन्माएका हुन्।

भ्रष्टाचार र अन्य अपराधमा विगत १९ वर्षमा यो व्यवस्थाका नाइकेहरूले जबर्जस्ती उन्मुक्ति हासिल गर्दै आएजस्तै ओलीले घिसिङ प्रकरणमा पनि संविधान र संसद्भन्दा माथि आफूलाई राख्ने असफल र अस्वीकार्य कदम उठाइरहेका छन्। पूर्वराजा ज्ञानेन्द्र शाहको प्रजातन्त्र दिवसको अवसरमा जारी सन्देशको मर्ममा केन्द्रित आन्दोलनको आकार मुलुकमा बढ्दो छ। भ्रष्ट नेताका कारण व्यवस्था पनि भ्रष्ट भएको र त्यसलाई हटाउनै पर्ने जनअवधारणा बनिरहेको छ। चैत १४ गते जनआन्दोलनका संयोजक नवराज सुवेदीले स्पष्ट रुपमा सत्ता र गणतन्त्र पक्षधर शक्तिलाई एक साताको म्यादका साथ शान्तिपूर्ण सहमतिमा आउन आग्रह गरेका छन्। ०४७ को संविधानलाई मुख्य आधार मानी त्यसका महत्वपूर्ण मौलिक पक्षः संवैधानिक राजसंस्था, हिन्दू राष्ट्र, एकात्मक तथा विकेन्द्रीकृत शासन व्यवस्था र स्वतन्त्र न्यायपालिका स्थापनामा आन्दोलनले जोड दिएको छ।

आन्दोलनले भ्रष्टाचारको विरोधमा आफूलाई उभ्याई सुशासनको पक्षधर शक्तिका रूपमा उदाउने संकेत पनि दिएको छ। भ्रष्टाचारमा ओली, देउवा, प्रचण्डलगायत विगत १९ वर्षका सबै प्रधानमन्त्री आरोपित छन् र उनीहरू कुनै तरिकाले उन्मुक्तिका नाममा अख्तियारको फन्दामा परेका छैनन्। सत्ता गुम्दा यो उन्मुक्ति उनीहरूसँग रहने छैन।

यी सबै नेता जति आफूलाई छानबिनबाट टाढा राख्छन्, त्यत्ति नै जनताको नजरमा बढी भ्रष्ट मानिन्छन् र त्यही अनुपातमा राजसंस्था पुनर्बहालीको मुद्दाको अनुमोदन बढ्ने गर्छ। बाहिरी निर्देशन र स्वार्थमा निषेधको राजनीति अपनाइएकै कारण राजा ज्ञानेन्द्र र परम्परावादी शक्तिलाई शान्ति प्रक्रिया र राजनीतिक परिवर्तनको प्रक्रियाबाट बाहिर राखिएको हो। त्यो षड्यन्त्रको अस्वीकृति पनि हो यो जनआवाज।

षड्यन्त्रका पात्र लगातार 'एक्सपोज' हुँदा निषेधका विविध पाटा खुल्नेछन्। वैशाख ८ ९२०६३० मा राजा ज्ञानेन्द्रले दिएको सन्देशलाई त्यसवेला आन्दोलनकारी दलले स्वीकार नगर्दा उनीहरूले नै 'ड्राफ्ट' गरी अनुमोदन गरेको वक्तव्य राजाले तीन दिनपछि अर्थात् वैशाख ११ मा पढेका हुन्। दलहरू र राजाबीचको सहमति भनेकै वैशाख ११ को शाही वक्तव्य हो। त्यसको विपरीत गई राजसंस्था हटाउने षड्यन्त्रका खलपात्रहरू नेपाली भए पनि आदेशकर्ता '१२ बुँदे'का रचयिता शक्ति नै थियो। राष्ट्रिय सहमति र चाहनाविपरीतको विदेशी षड् यन्त्रलाई पराजित गर्नु प्रजातन्त्र पनि हो। अहिले आन्दोलनले त्यो लक्ष्य बोकेकाले त्यसको असफलतामा प्रजातन्त्र पनि कमजोर हुन जान्छ।

१२- बुँदेसँग नाम जोडिएका केही छिमेकी अनुहारको तडपको वास्तविक कारण बुझ्न पनि जरुरी छ। ज्ञानेन्द्र शाही र रघुजी पन्तको संसदमा भएको वादविवादमा १२-बुँदे र नेपाली गणतन्त्रको स्थापनामा आफूलाई जोड्दै आएका एक भारतीय 'प्राज्ञ' को स्याबासीलाई कुनै जमानाका पत्रकार पन्तले त्यसरी नै बुझ्न जरुरी र श्रेयष्कर हुन्छ। संसद् प्रतिको हेपाहा र अमर्यादित रबैयाबारे आफ्नै नेता तथा प्रधानमन्त्रीको आलोचना गर्न यदि रघुजी पन्तको सामर्थ्य छैन भने उनले ज्ञानेन्द्र शाहीलाई इतिहास बुझाउन सक्दैनन् भने प्रजातन्त्र र राष्ट्रिय हितको बचाउ गर्न पनि सक्दैनन् । प्रजातन्त्र या लोकतन्त्र भन्ने व्यवस्थाले हरेक नागरिकमाथि कठोर र पूर्वाग्रहरहित जिम्मेवारी पनि सुम्पेको हुन्छ। र, परीक्षाको घडीमा उनीहरू कति खरो उत्रन्छन्, त्यो अन्ततः इतिहासमा दर्ता हुन्छ।

दीपक खड्कासँगको ओलीको गर्धन जोडिँदा वा युवा संघलाई प्रतिपक्षमाथि झम्टिन आह्वान गर्दा रघुजी पन्तको प्रतिक्रिया नसुनिनु त्यत्तिकै लज्जास्पद हो । प्रजातन्त्र वाक्पटुता मात्र हैन।

प्रधानमन्त्रीले युवासंघलाई उक्साउँदैमा यो व्यवस्था टिक्ला भन्ने अनुमान गलत हुने छ। विगत सात दशकमा सात वटा संविधान फेरिएका छन् नेपालमा। आफ्नो नेतृत्व असफल हुँदा संविधान नै असफल भएको 'न्यारेटिभ' नेपालमा स्थापित भएको छ। नेपालको वर्तमान अर्थात् ओली नेतृत्व र प्रतीक्षारत देउवा नेतृत्व दुबै असफल भएकाले त्यो परम्पराअनुसार यो व्यवस्था पनि असफल भइसकेको छ। सदन अस्तव्यस्त र अपमानित छ । सडक बोलिरहेको छ। मुलुकको परराष्ट्रमन्त्रीले भारतबाट फर्किएर भारतको यो सत्ता अथवा व्यवस्था परिवर्तन गर्ने नीति नभएको अभिव्यक्ति दिँदा न प्रधानमन्त्रीलाई कुनै लज्जाबोध हुन्छ न उनका उत्तराधिकारीलाई नै' यो १२-बुँदेको स्वाभाविक असर हो। त्यसैले यस पल्टको आन्दोलनमा राष्ट्रिय अस्मिता र आन्तरिक सार्वभौमसत्ता तथा स्वायत्तताको पक्षधरता प्रवल रुपमै बुझ्न सकिन्छ।

हुन सक्छ, ओली आफ्नो छद्मपनमा ज्यादै विश्वास राख्छन् र बृहत् समीक्षा तथा सुधारका 'पक्षधर' विरुद्ध सडकमा खनिने प्रण गरेको माओवादी र वाममोर्चाबीचको भीडतन्त्रबाट राजनीतिक फाइदा लिने सोचमा छन्। तर, यस पल्टको प्रचण्ड राजनीतिक रुपमा दुर्बल आदेशपालक मात्र हुन्। भारतीय संस्थापनमा अहिले खासै कुनै प्रभाव नराख्ने १२-बुँदेका त्यसवेलाका सीमित कर्मचारीको आज्ञा शिरोपर गर्नु उनको निजी र दलीय बाध्यता बनेको छ। त्यसैले उनको पराजय नेपालीको विजय मानिनेछ।

प्रचण्डसँगको सबै प्रश्न ओलीका लागि पनि सान्दर्भिक र प्रासंगिक छन्। महाकाली सन्धि र नेपाललाई वार्षिक १ खर्ब २० अर्ब रुपैयाँबराबरको नाफा प्रतिवर्ष हुन्छ भनी अभिव्यक्ति दिने ओली र ०६२-६३ मा श्याम सरण - हर्मिज बुइ चढेर सत्तामा आएका प्रचण्ड-बाबुराममा के फरक छ? उनीहरूमा चारित्रिक अन्तर खासै छैन। सम्भवतः अब हुने आन्दोलन र परिवर्तनले यी मुद्दालाई बहस र सुधारको विषय बनाउनु उपयुक्त हुनेछ। वास्तवमा यो एक सुनौलो अवसरसमेत हो।

# हिंसात्मक गतिविधि बन्द गर्न आयोगको आग्रह

झापा(प्रस) । राष्ट्रिय मानवअधिकार आयोगले आन्दोलनरत पक्षलाई हिंसात्मक गतिविधि बन्द गर्न आग्रह गरेको छ। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको विज्ञप्तिमा आन्दोलरत पक्षलाई आफ्ना प्रदर्शन र कार्यक्रमलाई शान्तिपूर्ण बनाउन आग्रह गर्दै हिंसात्मक गतिविधि बन्द गर्न अनुरोध गरेका हुन्।




उनले कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न नसकिने भन्दै सरकारलाई हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानूनी दायरामा ल्याइ कारबाही गर्न आयोगले आग्रह गरेको बताए।

"समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र सङ्गठनहरुले आज चैत १५ गते उपत्यकामा गरेको प्रदर्शन र आमसभाको आयोगले चार वटा उच्चस्तरीय टोलीहरू बनाइ अनुगमन गरेको थियो", उनले भनेका छन्, "काठमाडौँको तीनकुनेमा राजतन्त्र समर्थकद्वारा भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन पुगेको अनुगमनबाट पाइएको छ।"

आयोगले अनुगमन गर्दा प्रदर्शनकारी तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँवानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गा प्रहार गरेको, व्यक्तिको घरमा ढुङ्गा हान्ने र आगजनी गर्ने काम गरेको पाइएको जनाइएको छ।

आयोगले झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएको जनाएको छ। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन, तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेका दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुङ्गा प्रहार गरेका आयोगले जनाएको छ।

आयोगका प्रवक्ता डा पोखरेलले अनुगमनका क्रममा हिँडेको आयोगको अनुगमन टोलीमाथि प्रदर्शनकारीबाट कोटेश्वरमा साङ्घातिक आक्रमण गरी अनुगमन टोलीमा संलग्न कर्मचारीलाई घाइते बनाएको बताए।

"प्रहरीले भीड नियन्त्रण गर्न पानीका फोहराको प्रयोग र हवाई फायर गरेको तथा व्यक्तिको निजी आवास प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको देखिएको छ," उनले भनेका छन्।

आयोगले शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको विषय भएता पनि आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारमा असर पार्नु मानव अधिकारको मूल्यमान्यताविपरीत हुन जाने बताएको छ।

# 'नो केबलकार' समूहका थप पाँच जना धरौटी रिहा

झापा (प्रस) । 'नो केबलकार' समूहबाट गठित उच्च स्तरीय वार्ता टोलीका संयोजक खगेन्द्र फेम्बो, श्रीप्रसाद लिम्बूसहित पाँच जना धरौटी तारेखमा छुटेका छन् । जिल्ला अदालत ताप्लेजुङका न्यायाधीश विकास श्रेष्ठको इजलासले शुक्रबार उनीहरूलाई धरौटीमा छोड्ने आदेश दिएको हो ।

फरार प्रतिवादी सूचीमा रहेका उनीहरू शुक्रबार अदालतमा हाजिर भएका थिए । निवेदनसहित उपस्थित भएका उनीहरूको बयान, थुनछेक बहसपछि आदेश आएको हो । धरौटीमा छुटेकाहरूमा फेम्बो, लिम्बू, पूर्णबहादुर पालुङ्वा, रोशन कङ्लवा (सरोज), मुक्साम लिम्बू रहेको अदालतका स्रेस्तेदार मनोज बरालले जानकारी दिए । उनीहरू विरुद्ध आपराधिक उपद्रव तथा हुलदङ्गा शीर्षकमा मुद्दा दर्ता भएको थियो ।

काफ्लेपाटीमा निर्माणाधीन केबलकार बटम स्टेसन र वीरेन्द्रचोकमा भएको राँके जुलुस घटनाको नेतृत्व गरेको बयान यसअघि पक्राउ परेका १८ जनाले दिएका थिए ।

उनीहरूको बयानका आधारमा पक्राउ परेका बाहेक नौ जनालाई प्रतिवादी बनाइएको थियो । चार जना अझै फरार प्रतिवादीको सूचीमा छन् । उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी रहेको अदालतले जनाएको छ । यसअघि धरौटी तारिखमा छुटेका १८ सहित शुक्रबार छुटेका ५ जनालाई चैत २१ गते अदालतमा उपस्थित हुन तारिख दिएको अदालतले जनाएको छ ।

स्रेस्तेदार बरालका अनुसार मुद्दा शीर्षक एउटै भए पनि भूमिकाका आधारमा धरौटी र सजाय निर्धारण फरक हुन सक्ने बताए । अदालतले धरौटी रकम भने सबैलाई समान तोकेको छ । मुद्दाको अन्तिम फैसला हुन बाँकी छ ।

गत फागुन ८ गते काफ्लेपाटी नजिक केबलकार बटम स्टेसनमा झडप भएको थियो । फागुन १० गते बेलुकी वीरेन्द्रचोकमा राँके जुलुस निकालिएको थियो । राँके जुलुसका क्रममा पनि सुरक्षाकर्मी र ' नो केबलकार' समूहबीच झडप भएको थियो । सोही घटनामा संलग्न भएको भन्दै प्रहरीले मुद्दा चलाएको हो ।

# रास्वपा प्रमुख सचेतक परियारको गाडीमा आगजनी



झापा । पूर्वराजाका समर्थकहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियार चढेको गाडी जलाएका छन्। शुक्रवार संसदको काम कारबाही सकेर घर फर्कने क्रममा बालकुमारीमा राजावादीहरूले गाडी जलाइदिएको सचेतक परियारले जानकारी दिए।

उनले भने, "भक्तपुरस्थित घर फर्किँदै गर्दा बालकुमारीस्थित सिसीआरसी कलेज अगाडि पुगेपछि राजावादी प्रदर्शनमा संलग्न भएका व्यक्तिहरूले रोकेर गाडी जलाइ दिएका छन्।"

# सकियो एसईई

झापा(प्रस) । माध्यमिक शिक्षा परीक्षा (एसईई) शुक्रबारबाट सम्पन्न भएको छ । चैत ७ गतेदेखि सुरु भएको परीक्षा सकिएसँगै केही विद्यार्थीर्थीहरुले सम्झना र मायाको चिनो स्वरूप एकअर्काको सर्ट/टिसर्टमा विभिन्न सन्देश लेखे । एकअर्काको टिसर्टमा उनीहरूले आगामी दिनको शुभकामनाका साथै विद्यालयमा पढ्दाका साथीको सन्देशसहितको मिठो पल कैद गर्ने प्रयास गरेका हुन् ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयका अनुसार एसईईमा पाँच लाख १४ हजार ७१ जना विद्यार्थी सहभागी भए । गएको वर्ष २०८० को एसइईमा चार लाख ६४ हजार ७८५ जना परीक्षार्थी सहभागी भएका थिए ।

बोर्डले यस वर्ष असार ७ गतेभित्र परीक्षाको नतिजा सार्वजनिक गर्ने गरी काम गर्ने बताएको छ। न्यूनतम ३५ अङ्कभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुनेछन् ।

लेटर ग्रेडिङ प्रणालीमै यस वर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गरिनेछ । सरकारले परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । विसं २०८० को एसईईमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए ।

## राजावादी आन्दोलनमा झन्डाको व्यापार

झापा(प्रस) ।व्यवस्थाको विरोध र राजतन्त्रको पक्षमा प्रदर्शन गरिएको काठमाडौँको तीनकुने क्षेत्रमा राष्ट्रिय झन्डाको किनबेच भएको छ । राजावादी प्रदर्शनकारीले राष्ट्रिय झन्डा प्रयोग गरेका छन् । प्रदर्शनस्थल नजिकै राष्ट्रिय झन्डा बेच्न बसेका छन् । जुम्लाकी गोमा न्यौपानेले ३०० र ५०० मूल्यमा राष्ट्रिय झन्डा विक्री भएको बताइन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- मेष: प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।
- वृष: नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।
- मिथुन: आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।
- कर्कट: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।
- सिंह: आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।
- कन्या: चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।
- तुला: आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
- वृश्चिक: पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।
- धनु: आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
- मकर: आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।
- कुम्भ: मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
- मिन: खेलकुद र साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । शैक्षिक क्षेत्र पनि राम्रै हुनेछ ।